# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 20 No 1 Monthly International Edition of Herald of His Coming January 2019

वर्ष २०, अङ्क १ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (माघ, २०७५)


# परमेश्वरको वचनले आत्मिक बनाउँछ

## The Word of God Brings Spiritual Life

**By Ruth Parson**

Vol 77 No 6 (918)

एकजना आत्मिकी मानिस सधैं पूर्ण रूपले आत्मामा भरिन चाहन्छ। ऊ परमेश्वरबाहेक अरू थोकमा भर पर्दैन। परमेश्वरबाट बचाइएको व्यक्ति उहाँको वचनद्वारा शुद्ध भएको हुन्छ। ऊ परमेश्वरको वचनमा दह्रो हुन्छ र उसले सबै आशाहरू उहाँमा नै राखेको हुन्छ। परमेश्वरको वचनको अध्ययन भनेको नदेखिने प्रकारले ख्रीष्टको शक्तिमा आत्मिक रूपले बढ्नु हो।

येशूले भन्नुभयो, "तिनीहरूलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।" (यूहन्ना १७ : १७) येशूले फेरि भन्नुभयो, "येशूले आफूमाथि विश्वास गर्ने यहुदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ।" (यूहन्ना ८ : ३१) साँचो प्रकारले परमेश्वरको वचनको अध्ययन गर्नेलाई उहाँले पुनः नवीकरण गर्नुहुन्छ। यसै सम्बन्धमा निम्न बुँदाहरूले अझ प्रस्ट पार्नेछ-

**(१) परमेश्वरको वचनले ऐनाले जस्तै छर्लङ्ग देखाइदिन्छ-** "कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिस जस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैं हेर्छ र गइहाल्छ, र त्यो आफैं कस्तो थियो तुरुन्तै बिर्सिहाल्छ। तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्छ र त्यसैमा लागिरहन्छ अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष पाउनेछ।" (याकूब १ : २३ - २५) मानिस कस्तो छ भन्ने एउटा ऐनाले छर्लङ्ग देखाएजस्तै मानिसको हृदय कस्तो छ भन्ने भन्ने देख्नलाई परमेश्वरको वचनलाई राम्रोसँग अध्ययन गर्नुपर्छ। परमेश्वरको वचनले परमेश्वरदेखि टाढा भएको व्यक्तिलाई आफूतिर खिच्दछ र त्यो व्यक्तिलाई आत्मिक बनाउँदछ। एकजना बाइबल विद्वान्ले भनेका छन् कि परमेश्वरको वचनलाई मानिसले शताब्दीऔं पहिले पनि ऐनाजस्तै गरी हेरेका थिए, जसको सहायताद्वारा उनीहरूले आफैंलाई स्पष्ट देख्न सकेँ र परमेश्वरमा पश्चाताप गरी अगाडि बढ्न सहायता मिलेको थियो। जब हामीले बाइबलमा राम्रोसँग हेर्छौं तब हामी दाउदको जीवनमा भएको धारणालाई देख्छौ उनले जब परमेश्वरलाई सम्झे अनि आफ्नो पतनको पत्ता लगाए। त्यस्तै पत्रुसले येशूलाई इन्कार गरेको साथै हनानिया र सफिराले परमेश्वरको अघि झुट्टा बोलेको यो सबै क्रियाकलापले गर्दा जसले परमेश्वरको अघि झुट्टा बोलेको यी सबै क्रियाकलापले गर्दा जसले परमेश्वरको वचनलाई राम्रोसँग अध्ययन गरेको हुन्छ, त्यसले आफ्नो जीवनलाई पनि केलाउन सक्दछ र आफ्नो पापपूर्ण हृदयलाई देख्न सक्छ। बाइबलले यस्ता यस्ता प्रकारका नकारात्मक विचारहरूलाई पूर्ण रूपमा देखाइदिन्छ र हामी को हौं भन्ने पूर्ण रूपमा थाहा हुन्छ।

तर त्यो मानिसले पूर्ण रूपमा परमेश्वरको वचन फैलाउन चाहन्छ। ऊ परमेश्वरको महिमाको निम्ति पूर्ण रूपमा लागिपरेको हुन्छ र परमेश्वरको वचनमा लागिरहेको हुन्छ। "जुन परमेश्वरले अँध्यारोबाट ज्योति चम्कोस् भन्नुभयो। उहाँमा हाम्रा हृदयमा चम्कनुभएको छ ताकि परमेश्वरको महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।" (२ कोरिन्थी ४ :

६) बाइबलले हामीलाई चुनौती दिएको कसले आफैँलाई देखेको छ ? र त्यसमा कार्य गरेको छ, यदि छ भने त्यसको मुहारमा खीष्ट चम्कनुभएको छ ।

**(२) परमेश्वरको वचन ताजा र शुद्ध बनाउनको निम्ति पानीजस्तै हो-** "पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी खीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकुन् ।" (एफिसी ५ : २५ - २६)

"मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ ।" (यूहन्ना १५ : ३) "जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ ? तपाईंको वचन अनुसारको जीवन बिताएर नै हो ।" (भजनसंग्रह ११९ : ९)

पवित्र भएर जीउनु भनेको पापसँग सम्झौता नगर्नु हो । हामीले यसलाई इन्कार गर्नलाई मन पराउँदैनौँ । जब पास्टर वा अगुवाद्वारा मानिस पवित्र आत्मामा अगुवाइ हुन्छ र आत्मामा रहेर आराधनाको निम्ति अगाडि बढाउनुहुन्छ त्यही समयमा उनीहरू पवित्र देखिछन्, त्यसपछि फेरि आफ्नो ढङ्गमा चल्न थाल्दछन् । त्यसकारण जब एकपटक मानिस परमेश्वरको वचनद्वारा पवित्र हुन्छ । ऊ दिनदिनै धोइरहनुपर्छ । यसको अर्थ पश्चाताप गरी परमेश्वरको नजिक जानुपर्छ । मानिसले खीष्टियन जीवन पवित्र राख्नका निम्ति परमेश्वरको वचनलाई उसको हृदयमा लुकाएर राखेको हुनुपर्छ अनि मात्र यो सम्भव हुन्छ । जब परमेश्वरको वचन उसको हृदयम हुन्छ त्यसले त्यो व्यक्तिको जीवनमा भएका सबै पापलाई सफा गरी धोइदिन्छ र ऊ शुद्ध भएको हुन्छ ।

परमेश्वरको वचनले मानिसको हृदयमा भएको सम्पूर्ण भित्री रोग जुन अरूले देख्न सक्दैन, उसको हृदयमा भएको गहिरो चोट निको पारिदिनुहुन्छ । र, उसको जीवन सुन्दर भएको हामीले पाउँदछौं ।

**(३) परमेश्वरको वचनले पालनपोषण गरेर खुसी पार्दछ-** वचन नयाँ जन्मेको बच्चाको निम्ति दूधजस्तै हो । यसले आत्मिक जीवनमा मासुले भन्दा पनि बढी तागत दिन्छ र यो महभन्दा पनि मीठो हुन्छ । परमेश्वरको वचनले यसरी भन्दछ, "नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दै जान सक्नेछौं ।" (१ पत्रुस २ : २) त्यस्तै अर्को वचन, "खँदिलो भोजन परिपक्व मानिसहरूका निम्ति हो । यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्टाउन सक्ने भएको हुन्छ ।" (हिबू ५ : १४) त्यस्तै "सुनभन्दा पनि ती बढी चाहना गर्ने योग्य छन्, निखुर सुनभन्दा पनि ज्यादै बढी, चाकाबाट टप्कने महभन्दा बढी गुलिया ।" (भजनसंग्रह १९ : १०)

जुन मानिसले परमेश्वरले वचनलाई खाना बनाएको हुन्छ ती मानिस आत्मिक जीवनमा बलिया हुन्छन् र उनीहरू होचापुड्का भए पनि खुसी र आनन्दित हुन्छन् । यसलाई हामीले जसले आत्मिक भोजन परमेश्वरको वचनलाई राम्रोसँग खाएको हुन्छ, त्यसलाई मात्र आत्मिक जीवनको नाप गर्न सकिन्छ । त्यसलाई परमेश्वरले पूर्णरूपले ग्रहण गनुहुन्छ । जेसुकै भए पनि आत्मिक जीवनको भोजन भनेको परमेश्वरको वचन नै हो जसले मानिसलाई वृद्धि हुन सहायता गर्दछ । खीष्टियनहरूले आत्मिक जीवनको निम्ति अनुचित वा अपुग प्रकारले माग्दा नपाउन पनि सक्छौ, त्यस समयमा त्यो व्यक्ति परीक्षामा सामना गर्न शक्तिविहीन हुन्छ । दर्शन देख्न सक्दैन र शैतानको शक्तिमाथि विजयी हुन सक्दैन । उसले अन्धकारको शक्तिलाई आफ्नो जीवनमा प्रवेश गर्ने बाटोहरू खोलिदिएको हुन्छ । ऊ संसारमा निरुत्साह मात्र होइन, उसले आफ्नो जीवनमा कुनै किसिमको प्रगति भएको देख्न सक्दैन र संसारको अगाडि हारेकको जीवन वा निरासको जीवन जीइरहेको हुन्छ ।

एउटा खीष्टियन मानिस खीष्टको अनुग्रहभित्र जबसम्म पस्दैन, त्यसले परमेश्वरबाटको मान्नलाई अनुभव गर्न सक्दैन र आफ्नो उचित गवाही दिन सक्दैन । कहिलेकाहीँ खीष्टियनहरू आफ्नो जीवनमा थाकेका हुन्छन् किनकि उनीहरूले परमेश्वरको वचनदेखि आफ्नो जीवन टाढा राखेका हुन्छन् । कसैको वचनको कारणले मेरो जीवनमा निराशा आयो भन्दछौं किनकि त्यो पनि परमेश्वरको वचनलाई राम्रोसँग अध्ययन नगरेर हो । यसबाट मुक्त हुनको निम्ति हामीले परमेश्वरको वचनको गहिराइमा पुग्नुपर्छ र उहाँको सेवामा लागिरहनुपर्छ । परमेश्वरले कहिल्यै पनि तिमीलाई म आशिष दिन सक्दिन भनेर प्रतीज्ञा गर्नुभएको छैन, उहाँले आफ्ना सन्देश घतलाग्दो प्रकारले दिनुभएन तर आत्मिक प्रकारले दिनुभयो । "मेरो उपदेश र सन्देश घतलाग्दो र विवेकपूर्ण शब्दमा थिएन तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो (१ कोरिन्थी २ : ४) परमेश्वरले हामीलाई कष्टपूर्ण जीवनमा उहाँको आनन्दाको बारेमा सिकाउनुभयो । त्यसैले परमेश्वरको वचनले हामीलाई आनन्द र खुसी दिन्छ ।

**(४) परमेश्वरको वचन हामीलाई अगुवाइ गर्न बत्ती जस्तै हो-** "तपाईंको वचन मेरो गोडाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो ।" (भजनसंग्रह ११९

: १०५) संसारमा अचम्मको कुराचाहिँ त्यही हो कि ख्रीष्टियनको जीवनमा पनि अन्धकारले राम्रोसँग चलाएको हुन्छ । “र, तिनीहरू चेतना पाएर दियावलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरूलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ ।” (२ तिमोथी २ : २६)

“दुष्टहरूले मेरो निम्ति पासो थापेका छन्, तर तपाईंको आदेशहरूबाट म बरालिएको छैन ।” (भजनसंग्रह ११९ : ११०)

साँगुरो बाटो पछ्याउनेलाई कहिल्यै पनि शरीरमा सजिलो हुँदैन तर आत्मामा उनीहरू सन्तुष्ट भएका हुन्छन् । आज संसारका मण्डलीका अगुवा पास्टरहरू परमेश्वरको वचनअनुसार नभईकन आफ्नो इच्छामा हिँडेका हुन्छन् । परमेश्वरको वचनको ठीक उल्टा गरिरहेका हुन्छन् । त्यसैले उनीहरूले आफ्ना भेडाहरूलाई कसरी अगाडि लैजाने भन्ने शोक र चिन्तामा हुन्छन् । उनीलाई ठीक बाटोमा हिँड्नको निम्ति परमेश्वरको बत्तीको खाँचो हुन्छ । त्यसैले परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि असल बाटो पत्ता लगाउन उहाँको वचनले नै सहायता गर्दछ ।

उहाँले हाम्रो प्रत्येक पाइलाहरूमा बत्ती देखाउन चाहनुहुन्छ । परमेश्वरको वचनले नै मानिसलाई ठीक बाटोमा डोऱ्याउनु हुन्छ । जब उहाँको वचन हाम्रो हृदयमा लुकाए राखेका हुन्छौँ तब हाम्रो जीवनमा त्यही वचनले काम गर्न सुरु गर्दछ, त्यसैले ऊ खाल्डोमा परुँला कि भनेर डराउनु पर्दैन । उहाँले सबै ख्रीष्टियनहरूलाई पूर्णरूपमा आफ्नो बाटोमा हिँडाउनुहुन्छ जो मानिस ख्रीष्टको वचनमा आधारित हुन्छ र उहाँमा भर पर्दछ । भजन लेखकले यसो भन्दछन् कि “तपाईंको वचन अनुसार मेरा पाइलाहरू स्थिर गरिदिनुहोस् र कुनै पापले ममाथि राज्य गर्न नपाओस् ।” (भजनसंग्रह ११९ : १३३) फेरि अर्को ठाउँमा यसरी लेखिएको छ, “यसको हृदयमा त्यसका परमेश्वरको व्यवस्था हुन्छ, त्यसका खुट्टा चिप्लिँदैनन् ।” (भजनसंग्रह ११९ : १३३) प्रत्येक मानिसहरूलाई उहाँको शिक्षा, उहाँको अगुवाइ उहाँको वचनले सुधार्ने काम अति नै आवश्यक छ जुनचाहिँ मानिसले उहाँको पवित्र वचनमा ध्यान दिएर नै हो ।

तिमोथीको पुस्तकमा पावलले यसरी भन्दछन्, “सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई अर्ती दिनलाई, सच्चाउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जब हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित सिद्ध भएको होस् ।” (२ तिमोथी ३ : १६ - १७)

**(५) परमेश्वरको वचन न्याय गर्न क्रियाशील हुन्छ :** “किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरबारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी जोर्नी र हाडको गुदीसम्मलाई भाग भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सजिलो हुन्छ ।” ( हिब्रू ४ : १२)

ग्रिकमा 'kritikos' भनेको न्याय गर्नु हो । अहिलेको समयमा “न्याय” भनेको आफ्नो इच्छामा हुन्छ जुन कुरा परमेश्वरमा उहाँको वचनलाई कसरी ग्रहण गर्ने भन्ने कुरा बताउँद । बाइबलमा ख्रीष्टियन जीवनमा गरिने हरेक क्रियाकलापको न्याय हुन्छ भनेर लेखिएको छ । उनीहरूले आफ्नो जीवनमा जस्तो काम गर्दछन् । त्यसको परिणाम उनीहरूले नै भोग्नुपर्छ । भजन लेखकले भन्दछन्, “हे परमेश्वर, मलाई जाँच्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्, मलाई जाँच्नुहोस्, मलाई जाँच्नुहोस् र मेरा चिन्ताहरूलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोऱ्याई दिनुहोस् ।” ( भजनसंग्रह १३९ : २३ - २४) उसलाई थाहा थियो कि परमेश्वरको न्यायमा आफू पूर्ण रूपमा सहयोगविहीन छु भनेर । त्यसैले उनी भन्दछन्, “म जीवित रहुँ, र तपाईंको प्रशंसा गर्न सकुँ र तपाईंका नियमहरूले मलाई थामुन् ।” (भजनसंग्रह ११९ : १७५)

कस्तो अचम्मको आत्मिक जीवन हुने थियो कि प्रत्येक ख्रीष्टियनहरूले आफ्नो परमेश्वरको वचन अनुसारको जीवन जीउने हो भने, जब न्याय उनीहरूको अघि आउँदछ, उनीहरू परीक्षामा पर्नुपर्ने थिएन । बाइबलमा बर्सिएको आगोजस्तै अहिले पनि हुने थियो । यदि ख्रीष्टका जनहरूले उहाँको वचनमा ध्यान दिने हो भने यसले अचम्म प्रकारले काम गर्दछ र यो अति सक्रिय पनि छ । अनि यसले अरूको नराम्रा कुरा गर्न रोक्दछ र आफूमा सुधार ल्याउँदछ ।

**(६) परमेश्वरको वचनले पवित्र जीवन जीउन सहायता गर्दछ-** पवित्र धर्मशास्त्रमा यसरी लेखिएको छ, “धन्यका हुन् तिनीहरू जसको आचरण निर्दोष छ, जो परमप्रभुको व्यवस्थामा चल्छन् । धन्यका हुन् तिनीहरू, जसले उहाँको कानुन पालन गर्दछन् र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन् । तिनीहरूले कुनै अधर्म गर्दैनन् उहाँका मार्गमा तिनीहरू हिँड्दछन् ।” (भजनसंग्रह ११९ : १ - ३)

परमेश्वरसँग हरेक पाइलामा उहाँको उद्देश्य छ, जुन कुरा परमेश्वरले आफ्ना मानिसबाट महिमा लिन चाहनुहुन्छ । त्यसैमा उनीहरू बचुन् भन्ने

इच्छा राख्नुहुन्छ । उहाँले असल जीवन जीउनको निम्ति मानिसलाई आफ्नो वचनद्वारा कानून दिनुभएको छ र त्यही वचनले हामीले कसरी यसलाई जीवनमा लागु गर्ने भन्ने सिकाउँदछ । उनीहरूलाई दिन दिनको जीवनमा सुधारिएर अगाडि बढ्न सहायता गर्दछ । परमेश्वरको वचन जसले मानिसलाई आफ्नो मूल्याङ्कन गर्ने मौका दिदँछ । जससँग परमेश्वरको वचन छ त्यससँग जीवन हुन्छ, किनकि उसले परमेश्वरको वचनअनुसार जीउनलाई कोशिस गर्दछ ।

परमेश्वरको वचन तरवार हो "मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरबार लेओ, जो चाहिँ परमेश्वरको वचन हो ।" (एफिसी ६:१७) मानिसले लडाई गर्दा जहिले शारीरिक लडाईं गरेको हुन्छ तर परमप्रभु परमेश्वरले भन्नुहुन्छ कि जति पनि शक्ति हरू छन् तिनीहरू उहाँको विरुद्धमा छन् त्यसैले उहाँले भन्नुहुन्छ कि तिमीहरू जुनसुकै समयमा पनि नकारात्मक आत्माको विरुद्धमा खडा हुनलाई तयार बस । तिमीहरूलाई दुवै किसिमका हतियारको आवश्यक हुन्छ । आफू बलियो हुन र अन्धकारको आत्माको विरुद्धमा लगाई गर्न । त्यो व्यक्ति जो आत्मिक लडाईं लड्दैछ अन्धकारको शक्तिको विरुद्धमा खडा हुनको निम्ति उसलाई परमेश्वरको वचन र उहाँको शक्तिको खाँचो हुन्छ जब उसँग उहाँको वचन निर्धकसँग भएको हुन्छ र खुसी रहन्छ र विजयी हुन्छ ।

येशू खीष्ट पनि जब शैतानद्वारा परिक्षीत हुनुभएको थियो, त्यस समयमा उहाँले परमेश्वरको वचनद्वारा विजयी प्राप्त गर्नुभएको थियो । याद राखौं कि मानिसको आत्मा त तयार हुन्छ तर शरीर सधै थकित हुन्छ र तयार रहन सक्दैन । जब मानिस परिक्षित हुन्छ यदि त्यसको हृदयमा परमेश्वरको वचन छ भने त्यो समयमा उसले आफ्नो हतियारलाई राम्रोसँग प्रयोगमा ल्याउन सक्छ र । शैतान माथि विजय हासिल गर्न सक्छ । जस्तै येशूलाई शैतानले परीक्षा ल्याउँदा उहाँको वचनले मात्र शैतानलाई भगाउन सफल हुनुभएको थियो । आत्माले उहाँको वचनलाई सम्भनामा त्याईदिनु हुन्छ र त्यस व्यक्तिले प्रयोगमा ल्याउँदछ । जब मानिसलाई परीक्षा आउँदछ त्यसमा विजयी हुनको लागि उसको हृदयमा उहाँको वचन सुरक्षित हुनुपर्दछ । "तपाईंको विरुद्धमा पाप नगरु भनेर तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षीत राखेको छु ।" ( भजन संग्रह ११९ : ११)

जसले शैतानमाथि विजय हुन चाहान्छ र स्वतन्त्र भएर जीउन चाहान्छ त्यसले परमेश्वरको वचनलाई आफ्नो हृदयमा सुरक्षीत राख्नु पर्दछ जब आवश्यक पर्दछ त्यसलाई प्रयोगमा ल्याउन सक्यो भने मात्र उ विजय हुन सक्छ । जुन हतियार आफूले प्रयोग गरेको हुन्छ त्यसमा त्यो ढुक्कसँग म शैतानलाई हराउन सक्छु भन्ने विश्वास हुनुपर्छ ।

"परमप्रभुका वचन खोटरहित छन्, ती शुद्ध चाँदि जस्ता छन्, जो सात पल्ट माटोको भट्टिमा खारेर शुद्ध पारिएको छ ।"( भजन संग्रह १२ :६)"परमेश्वरको हरेक वचन दोषरहित छ । उहाँमा शरण लिनेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ ।"( हितोपदेश ३० : ५)

धेरै खीष्टियनहरूले आत्मिक लडाईंलड्नको निम्ति तयार रहेका हुँदैनन्,किनकि उनीहरू परमेश्वरको वचनको हतियारले सुसज्जित भएका हुँदैनन् । तिनीहरूको लागि परमेश्वरको वचन आत्मिक हतियार हो भन्ने ढुक्क हुँदैन र परमेश्वर वचनको वास्ता गरेका हुँदैनन् । जब हामी परमेश्वरको वचनलाई हतियार बनाएर कार्यहरूलाई अगाडि बढाउँदछौ, तब हामी संपूर्ण कार्यमा सफलता पाएँदछ । परमेश्वरको वचन साँच्चै नै अचम्मको हतियार हो जसले मानिसको हृदयलाई ठिक बाटोमा हिँडाउन र शैतानसँग लडाईं गर्नलाई विजयी प्राप्त गर्न काम गर्दछ हाम्रो विश्वासलाई अभ्र दह्रिलो बनाउँदछ ।

**(७) परमेश्वरको वचन आगो हो जसले तातो पनि दिन्छ र जलाउँदछ पनि :** यर्मियाले आफ्नो पुस्तकमा यसरी लेख्दछन् कि"तर म यहाँको चर्चा गर्ने छैन, म फेरि उहाँको नाउँमा बोल्ने छैन, भनि यदि म भन्छु भने उहाँको वचन मेरो हृदयमा जलिरहेको र मेरो हड्डीहरूमा थुनिराखेको आगो जस्तै हुन्छ । त्यसलाई भित्र रोकिराख्दा म थकित हुन्छु साँच्चै म त्यो थाम्ने सक्दिनँ ।"(यर्मिया २० : ९)

बाइबलले मानिसको हृदयमा भएका सबै धुलोहरूलाई जलाएर शुद्ध बनाउँदछ । बोल्ने मानिसको बोलिलाई आगो र सन्ने मानिसलाई दाउरा जस्तै बनाउनेछु र तिनीहरू भष्म हुनेछन् । ( यर्मिया ५ :१४, १ पत्रुस १: २२) त्यसै समयमा परमेश्वरको वचनले आगोको ज्वालाले दिने उज्यालो तातो दिनेछ भने त्यही समयमा परमेश्वरको वचन मानिसका पापलाई भष्म बनाउन आगोको ज्वाला जस्तै हुन्छ वचन हुन्छ"यसैकारण एउटाले अर्कोलाई यी वचनहरूले सान्त्वना देओ ।"(१ थिस्लोनिकी ४ : १८) "मेरो संकटमा मेरो सान्त्वना यशैबाट छ, तपाईंको प्रतिज्ञाले मेरो प्राणलाई सुरक्षीत राख्दछ ।" (भजनसंग्रह ११९:५०)

परमेश्वरको वचन फुटाउनको निम्ति हथौडा जस्तै हो यर्मियामा परमेश्वरको वचनले यसरी भन्दछ कि,

"के मेरो वचन आगो जस्तै छैन र ? चट्टानलाई चुरचुर पार्ने के त्यो एउटा ठूलो धन भैँ छैन र ?" (यर्मिया २३ : २९)

प्रत्येक मानिसको जीवनमा कुनै न कुनै प्रकारको खाँचो अप्ठ्यारो आइपरेको हुन्छ त्यो समयमा मानिस आफ्नै परामा हिँडेको हुन्छ । जब मानिस घमण्डले र अहमताले भरिएको हुन्छ र त्यसले परमेश्वरको वचनलाई आफ्नो हतियार वनाउँदछ भने त्यसले त्यो मानिसलाई फुटाएर नम्र बनाउदछ । हामी प्रत्येक खीष्टका जनहरू उहाँको वचनद्वारा फुटेर विलिन हुनु पर्ने हो तब मात्र हाम्रो जीवन आशिष मय हुन्छ । हामी खीष्टियन भएको नाताले हामी सबै उहाँको अनुग्रहलाई याद गर्नु पर्छ परमेश्वर दयालु र अनुग्रहकारी हुनुहुन्छ । विश्वासयोग्य कहिल्यै नबदलिनुहुने एकनासको हुनुहुन्छ । उहाँको हृदय हाम्रो निम्ती फुटेर टुक्रा टुक्रा हुन्छ । जसले परमेश्वरको वचनलाई एउटा धनजस्तै हो भनेर लिन्छ त्यसलाई परमेश्वरले उसको कठोर हृदयलाई फुटाएर सबै कठाथोकलाई पगालेर नम्र बनाउनु हुन्छ उहाँको कार्य गर्नलाई सक्षम गराउनु हुन्छ ।

**(८) परमेश्वरको वचन एउटा विउ जस्तै हो जो उम्रिन्छ र प्रसस्त फल दिन्छ** : "अब दृष्टन्त यो हो : वीउ चाहीँ परमेश्वरको वचन हो ।" (लुका ८:११) वीउ सानो हुन्छ, यदी यो असल ठाउँमा परेन भने एउटै वीउ मात्र रहन्छ ।तर त्यो मलिलो माटोमा पऱ्यो भने यो ठूलो हुन्छ र रुख बन्दछ । परमेश्वरको वचन वीउ हो । यसलाई मलिलो माटोमा पर्न दिनोस् र यसले धेरै विउहरू उमारोस् । त्यस्तै परमेश्वरको वचन मानिसको हृदयमा पर्न सकोस र यसले अचम्मको काम उनीहरूको जीवनमा गरोस् उनीहरूले धेरै नयाँ वीउहरू जन्माउन सकून् । परमेश्वरको वचन मानिसको जीवनमा भित्र हृदयको कुनामा काम गऱ्यो भने यसले प्रसस्त फल फलाउनेछ । याकूव को पुस्कतमा यसरी लेखिएको छ"यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हराओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ ।" (याकूब १:२१) वीउ उम्रनको निम्ति पहिलाई यो आफै कुहिनु पर्छ । त्यसपछि त्यसलाई उम्रने समय र वातावरण दिनु पर्छ । वचन हृदयमा पुगेर यसले तुरुन्त काम नहुन पनि सक्छ तर त्यसलाई उम्रने वातावरण र मलजल मिलाई दिनुपर्छ । तब यो उम्रन्छ र बृद्धि हुन सुरु गर्दछ । वीउलाई असल जमिनबाट निकाल्नु हुँदैन । त्यसै ठाउँमा हुर्कन दिनु पर्छ त्यो भनेको विश्वासको जराले तपाईंको हृदयमा काम गर्नु पर्छ । त्यसपछि मात्र जब त्यो हुर्कन्छ त्यसले फल फलाउन सुरु गर्दछ । विश्वासीहरू परमेश्वरको वचनमा लगातार लागिरहनु पर्छ । वचन रातदिन आफ्नो हृदयमा राख्नुपर्छ । जब हामी उहाँमा रहन्छौ तब मात्र फल फल्न सक्छ । भजन संग्रह मा यसरी भन्दछ,"आहा ! तपाईंको व्यवस्थालाई कति प्रेम गर्दछु ! दिनभरि म तिनैमाथि मनन गर्दछु ।" (भजन संग्रह ११९:९७) "तिमीहरू ममा रहयौ भने र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ ।" (यूहन्ना १५ :७)

चिसो हृदय, निष्ठूरी विवेक, कमजोरी आत्मा मुल्यहिन गवाही, आराधनामा आनन्द लिन नसक्नु काममा कुनै फल नदेखिनु शक्तिहिन प्रार्थना ले परमेश्वरको राज्यमा निष्पक्ष तरिकाले काम गर्न गाह्रो हुन्छ । तर उहाँले यस्ता सबै थोक माथि विजयी हुन सहायता गर्नुहुन्छ । "म जान्दछु तिमीहरू अव्राहामका सन्तान हौ । तर तिमीहरू मलाई मार्न खोज्छौ, किनभने मेरो वचनले तिमीहरूमा स्थान पाउँदैन ।"(यूहन्ना ८ : ३७) परमेश्वरको वचनलाई मानिसको जीवनमा असल तरिकाले काम गर्न दियौ भने, यसमा परिवर्तन गर्ने शक्ति छ, सुधार गर्न सक्छ, यसले शिक्षा दिन सक्छ, र येशूको रूप जस्तै पूर्ण रूपमा उहाँको कार्यमा लाग्न सकिन्छ ।

*From life on the highest, plane by Ruth parson (1889– 1949) Who was a Bible teacher, Missionary and author.*

बाइबलबाट "आहा ! तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु दिन भरि म तिनै माथी भन्न गर्दछु । तपाईंका आज्ञाहरू सदकाल म सँग छन् र तिनले मेरा शत्रुहरूभन्दा मलाई बुद्धिमान तुल्याउँदछन् । मेरा सबै शिक्षकहरूभन्दा मेरो अन्त र ज्ञान ज्यादा छ, किनकि म तपाईंको कानून माथी मनन गर्दछु । धर्मगुरुहरूको भन्दा मेरो समझ अझ बढी छ, किनभने म तपाईंका आदेशहरू पालन गर्दछु । तपाईंका वचन पालन गरु भनेर, मैले, आफ्ना गोडालाई हरेक खराब मार्गबाट अलग राखेको छु । तपाईंका नियमहरूबाट म तर्केको छैन, किनकी तपाईंले नै मलाई सिकाउनु भएको छ । तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, मह भन्दा पनि मेरो मुखमा ति वढी मिठा छन् । तपाईंका आदेहरूद्धारा म समझ शक्ति प्राप्त गर्छु यसकारण हरेक झुट्टा मार्गलाई म घृणा गर्दछु ।" (भजनसंग्रह ११९८:९७ - १०४)

# पश्चातापको उपहार

## The Gift of Repentance

**Rich Carmicheal**

Vol 77 No 5 (917)

यो शिर्षकमा छलफल गर्दा सबैभन्दा महत्वपूर्ण कुरा पश्चातामामै हाम्रो जीवनमा विशेष भूमिका खेलेको हुन्छ र परमेश्वरको बाटोमा हिँड्ने हो भने प्रत्येक मानिसलाई पश्चाताप अति नै खाँचो हुन्छ । एकातिर हेर्दा पश्चाताप भन्नाले आफूले गरेको मूल वा पाप स्वीकार गरेपछि फेरी त्यस प्रकारको पाप गर्नलाई बच्नु भन्ने बुझिन्छ । अर्कोतिर यो एउटा परमेश्वरबाटको उपहार हो जो हामीले आज्ञाकारी वन्दा सित्तैमा प्राप्त गर्न सक्छौ ।

परमेश्वरले हामीलाई अति नै प्रेम गर्नु हुन्छ र उत्तम कुरा हामीलाई दिन चाहानुहुन्छ । साथै उहाँले हामीलाई उहाँसग असल संगति गरेको र आत्मिक जीवन जीएको चाहानुहुन्छ । किनकि उहाँमा सबै कुरा असल छन् । जीवन, प्रेम खुसी आनन्द धार्मिकता, मुक्ति यस्तै यस्तै । कति दुखको कुरा हो उहाँले हामीलाई यति धेरै प्रैम गर्दा गर्दै पनि हामी उहाँलाई विर्सन्छौं । उहाँ जीवनको भुल हुनुहुन्छ । त्यसैले हामी आफैले आफैलाई फुटाऔं र उहाँको नजिक जाऔं । "उहाँ भन्नुहुन्छ मेरो प्रजाले दुईवटा पाप गरेका छन् : मलाई, जीउँदो पानीको मूललाई तिनीहरूले त्यागेका छन् र पानी नरहने फुटेका कुण्डहरू आफ्ना निम्ति खनेका छन् ।" (यर्मिया २ : १३) कसरी हामीले पापलाई रोज्न सक्छौ जसले हामीलाई अति नै प्रेम गर्नुहुन्छ, उहाँ हाम्रो निम्ति अति नै असल हुनुहुन्छ र उहाँको वाणीहरू सत्य र असल छन् । यस्तो परमेश्वरलाई विर्सेर हामी कसरी पाप गर्न सक्छौ ?

**खतरनाक पाप**

हामी प्राय गरेर खतरनाक पाप मनले सोचेर गरेका हुन्छौ । सत्यता चाहि यहि हो कि, पापले हामीलाई यस गर्न वाध्य तुल्याएको हुन्छ ।"पापको क्षणिक सुख भोग्नु भन्दा बरु परमेश्वरको मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे ।" (हिब्रू ११:२५) पापले मानिसलाई अन्त्यमा सिध्याएर मात्र छोड्दछ यसले हामीलाई खतरा बनाउँदछ । "किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई माऱ्यो ।" (रोमी ७ : ११) उसले हामीलाई कमारो बनाउँदछ । "साँच्चै म भन्दछु पाप गर्ने प्रत्येक पापको कमारो हो ।" (यूहन्ना ८ : ३४) यसले हामीलाई बादलले जस्तै ढाकिदिन्छ, "यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले हर किसिमका बोझ र हामीलाई सजिलै सित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं ।"(हिब्रू १२ :१) यसले हाम्रो हृदयलाई कठोर बनाइ दिन्छ, "जब सम्म आजको दिन भन्ने कुरा छ तबसम्म एउटाले अर्कोलाई अर्ति देओ, र पापको छलछामले तिमीहरू कसको हृदय कठोर नहोस् ।"(हिब्रू १ :१३) र यसले हामी माथि न्याय पाउँदछ, "धार्मिकताले देशलाई उचाल्छ र पाप गर्नुचाहिँ कुनै पनि जातिको लागि बेइज्जती हो ।" (हितोपदेश १४ :३४) किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी जानी पाप गऱ्यौ भने पापको निम्ति अब उसको अरू कुनै बलिदान रहँदैन ।" "तर इन्साफको डरलाग्दो प्रतिक्षा र विरोधीहरूलाई भष्म गर्ने क्रोधको अग्नि मात्र रहनेछ ।"(हिब्रू १० : २६ - २७) पापले मानिसलाई मृत्यू सम्मै पुऱ्याउँदछ र उसको जीवन सिध्याउँदछ । "तब खराब इच्छाले गर्वधारण गरेपछि, त्यसले पाप जन्माउँदछ अनि पाप पुरै वढेपछि त्यसले मृत्यु ल्याउँदछ ।"(याकूब १: १५) प्रेरित पावलले रोमीको पुस्तकमा यसरी भन्दछन्, "किनकि पापको ज्याला मृत्यू हो ... ।"(रोमी ६ : २३)

जे सुकै भएता पनि जब पाप हाम्रो जीवनमा प्रवेश गर्दछ यसले परमेश्वर र हाम्रो विचको दुरीलाई टाढा वनाईदिन्छ । (यशैया ५९ : २) उदाहरणको निम्ति दाउदको जीवनमा कसरी पापले परमेश्वरसँग आराधना गर्नै रोक्छ भन्ने देख्दछौं । "तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु । र तपाईंको दृष्टिमा जो खराब छ त्यही गरेको छु । यसै कारण वोल्नुहुँदा तपाईं ठिक प्रमाणीत हुनुहुन्छ, र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ । मलाई तपाईंको उपस्थितीबाट नहटाउनुहोस न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस् । तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस् र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस् ।" (भजन संग्रह ५१ : ४,११ - १२)

परमेश्वरलाई धन्यवाद, दाउदले करारी आफ्ना पाप परमेश्वर को अगाडि

पूर्ण रूपले देखाएर पश्चाताप गरे परमेश्वरले उनको प्रार्थना सुन्न भएर क्षमा दिनु भएको छ । उनले परमेश्वरको विरुद्धमा ठूलो पाप गरेका थिए र परमेश्वरले त्यसको लेखा दिन्छ भन्नु भएपछि लिएरै छोड्नु भयो । हो ! पापका केही श्रेणीहरू हुन्छन् तर दाउद परमेश्वर तिर फर्के र परमेश्वरसँग असल सम्बन्ध बनाए ।

**केही श्रेणीहरू**

**पश्चातापले जीवनलाई सकारात्मकतातिर डोऱ्याउँछ** : परमेश्वरले हरेक समयमा पश्चाताप गर्नको निम्ति बोलाउनु हुन्छ । यो उहाँबाटको हाम्रो निम्ति उपहार हो । त्यसैले पावलले यसरी भन्दछन्, " परमेश्वरको कृपाले तिमीलाई पश्चातापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर के तिमी उहाँको दया सहनशिलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ ?" (रोमी २ : ४) नतानले दाउदलाई भनेको शब्द दाउदको निम्ति गाह्रो थियो ता पनि, लाउडिसियाको मण्डलीलाई परमेश्वरले भनेका केही कुराहरूलाई याद राख्नुहोस् "मलाई तिम्रा कामहरू थाहा छ । तिमी चिसो पनि छैनौं, तातो पनि छैनौं, चिसो कि तातो भएन हुने थियो । किनकि तिमी मन तातो छौ, न चिसो न तातो, यसकारण म तिमीहरूलाई मेरो मुखबाट उकेलिदिनेछु । म धनी छु, र मसित धन सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन भनि तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दुःखी, दयनीय, दरिद्र अन्धा र नाङ्गा छौ । यसकारण र धनि हुनलाई आगोले खारेको सुन र आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा आँखामा लाउनलाई मलम, यी सबै मबाट किन्ने म तिमीलाई सल्लाह दिन्छु । जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु र ताड्ना दिन्छु । यसकारण उत्साहित होओ । पश्चाताप गर ।" (प्रकाश ३ :१५- १९) तर याद गर्नुहोस् कि परमेश्वरले उहाँसँग संगति गर्न र उहाँको आराधना गर्न मात्र मानिसलाई बोलाउन भएको छ र उहाँले भन्नुहुन्छ, "हेर म ढोकाम उभिएर र ढकढकक्याउँछु । कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु । र त्यसले मसँग खानेछ ।"(प्रकाश ३ :२०)

परमेश्वरले हाम्रो जीवनमा चाहिने सुधारको निम्ति आफ्ना वचनहरू हामीलाई जीवन भरि नै दिइनै रहनुभएको होस् र हामी धेरै पश्चताप गर्न सकौं र पापबाट मुक्त हुन सकौं र नम्र भएर उहाँ सँगसँगै हिडिरहन सकौं । त्यसले हामीलाई हाम्रो असल जीवनतिर बढाउन सक्छ र हामी सधैं उहाँको भइरहन सक्छौं ।

# खीष्ट येशूका आज्ञाहरू

**विश्वास सम्बन्धमा**

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मर्कूश ११ : २४

**नयाँ जन्मको सम्बन्धमा**

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मर्कूश ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

**पवित्र आत्मा पाउने सम्बन्धमा**

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मर्कूश ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

**येशूको पछि लाग्ने सम्बन्धमा**

- मलाई पच्छ्याउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

**प्रार्थना सम्बन्धमा**

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**